मिति २०८१।०९।१९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को छैटौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** वडा नं. २ को वडा कार्यालय भवनको लागि छनोट भएको स्थान गैंडाकोट वडा नं. २ स्थित कारितास नेपालको भवन देखि दक्षिण तर्फको सार्वजनिक जमिनमा नयाँ भवन बनाउने प्रयोजनको लागि वडा समिति र सर्वदलीय समिति एवं स्थानीय व्यक्तिहरुको भेलाबाट समेत उक्त स्थानमा नै नयाँ भवन बनाउनको लागि सिफारिस भई आएकोले सोही स्थानमा भवन बनाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकामा पदाधिकार रही दोहोरो सहमतिका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा कामकाजमा सरुवा भई कर्णाली प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरुमा देहाय बमोजिमका कर्मचारी कार्यरत रहेको सन्दर्भमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन) २०८१ ले व्यवस्था गरेको विशेष व्यवस्थामा पदस्थापनाका लागि दुबै स्थानीय तहको सहमति आवश्यक भनि तोकेकोले सरुवा तथा पदस्थापन सहमति पाउँ भनी निवेदन पेश गरेकोमा गैंडाकोट नगरपालिकामा हाल सो पदहरु रिक्त नरहेको र यस कार्यालयबाट सरुवा भई गई सकेपछिको हकमा कुनै पनि आर्थिक दायित्व नरहने गरी निज कर्मचारीहरुलाई हाल कामकाजमा रहेको स्थानीय तहमा नै पदस्थापनाका लागि सहमति प्रदान गर्न सम्बन्धित मन्त्रालय एवं स्थानीय तहलाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिलः-

| क्र.स. | कर्मचारीको नामथर | क.सं.नं. | पद/तह/श्रेणी | नियुक्ती मिति | हाल कार्यरत स्थानीय तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मनिषा चन्द | २४२०६९ | सब-इन्जिनियर, सहायक पाचौं | २०७६।११।२८ | मुसिकोट नगरपालिका, रुकुम पश्चिम | |
| २ | घमण्ड गिरी | २४२०४३ | प्रशासन सहायक, सहायक चौथो | २०७६।०९।२५ | बारेकोट गाउँपालिका, जाजरकोट | |
| ३ | नरेन्द्र खड्का | २४२०५२ | असिष्टेन्ट सब-इन्जिनियर, सहायक चौथो | २०७७।०३।०१ | शारदा नगरपालिका, सल्यान | |
| ४ | बिमला बुढा मगर | २४२००६ | असिष्टेन्ट सब-इन्जिनियर, सहायक चौथो | २०७७।०३।०१ | मुसिकोट नगरपालिका, रुकुम पश्चिम | |

**निर्णय नं.३** निर्माणाधिन गैंडाकोट नगर अस्पतालको भवनको निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन पेश गरेको र निजले पेश गरेको कारण र औचित्य उपयुक्त नै देखिएकोले गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२९ बमोजिम उक्त भवन निर्माणको निर्माणको लागि कार्य सूचिका आधारमा म्याद थप आगामी २०८२ असोज मसान्त सम्म कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.४** स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७९ को दफा २७ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना प्रकाशन गर्न गैंडाकोट नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.५** गैंडाकोट नगरपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि २०८१ लाई बैठकमा छलफलको लागि पेश गरी गरियो।

उपेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ६** गैडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक रहेका एवं निरन्तरताको लागि निवेदन पेश गरेका कर्मचारीहरुको नगर कार्यपालिकाको कार्यालयबाट (मिति २०८२ असार मसान्तसम्म) छ महिनाको लागि करार सम्झौता नवीकरण गर्ने र आवश्यकता र दरबन्दीको संरचनालाई हेरी ज्यालादारी कर्मचारीहरुको हकमा करार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने साथै साविकमा नगरपालिकाको विभिन्न पदमा करार सेवामा रहि कार्यरत रहेका कर्मचारीहरुको हकमा कार्यसम्पादनको मुल्याङ्कन गर्दै माथिल्लो योग्यता मिल्ने पदमा एवं निजहरुको पायक पर्ने स्थानका कार्यालयहरुमा नगरपालिकाको रिक्त रहेका करार पदहरुमा आवश्यकता र औचित्यका आधारमा व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका वडा नं. १६ को मिति २०८१।०९।१७ गते बसेको वडा समिति सहितको सर्वदलीय बैठकबाट निर्णय भई पेश भएको सोही वडाको वेल्डिया खोला (छविच्छेद पुल ) को दक्षिण पश्चिम भागमा रहेको सार्वजनिक जग्गामा खेलकुद मैदान, पार्क र शौचालय निर्माण गर्ने र पश्चिम तर्फ नम्बरी जग्गाको सिमानाबाट १ मिटर भित्र वाल निर्माण गर्ने गरी भएको निर्णयलाई आधार मानी मध्यवर्ती क्षेत्रको समेत आवश्यक समन्वयमा सो कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.८** गैंडाकोट नगरपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी हेमराज उपाध्याय सुवेदी कार्यालयबाट घर फर्किने क्रममा सवारी दुर्घटना भई भरतपुर मेडिकलेजमा उपचारको क्रममा रहेकोले आर्थिक सहयोग स्वरुप रु. ५० हजार औषधी उपचार खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.९** गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको वडा स्तरीयमा नै गई गरिएको फाइनल प्रस्तुतीकरणहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

१. गैंडाकोट नगरपालिकाका वडा कार्यालयहरु क्रमशः १३,१४, १६,१७ र १८ को नयाँ भवन निर्माणको लागि तयार भएको DPR प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री नमस्ते कपिलवस्तु सोलुशन प्रा.लि. तिलोत्तमा , रुपन्देहीका तर्फबाट ई. रोचक अधिकारी लगायतको टिमले गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

२. गैंडाकोट नगरपालिका वडा नं.(३,४,७,८ र ९) रहेको जयश्रीखोला तटवन्धन, झरही खोला तटवन्धन निर्माण वडा नं. १५ १६ र १७ र बेल्डिया खोला तटवन्धन वडा नं. १३,१४ र १६ निर्माणको लागि तयार भएको DPR प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री दुर्दर्शी ईन्जिनिरिङग कन्सल्टेन्सि प्रा.लि.सिद्धार्थनगर, रुपन्देहीका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

३. गैंडाकोट वडा नं. १८ दमार खानेपानी एवं सिंचाई योजनाको DPR को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था दियालो ईन्जिनियरिङग कन्सल्टेन्सी प्रा.लि. शंखमुल काठमाण्डौंका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

**निर्णय नं.१०** गैंडाकोट नगरपालिका कार्यालयको आ.व.२०७९/०८० को महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण गर्दा देखिएको बेरुजुलाई लेखा समितिबाट नियमित गर्नको लागि प्राप्त भएको प्रतिवेदनमा उल्लेखित रकम रु.८०,८९,६३६ लाई नियमित गर्नको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.११** नेपाल राष्ट्रिय भवन संहिता(N.B.C) लागू हुनु पूर्व बनेका १२*१२ पिल्लर भएका भवनहरुको हकमा structure report मा पेस भए बमोजिम तल्ला थप गर्न दिने र Structure report नभएका भवनहरुको हकमा भने तल्ला थप भएको क्षेत्रफलको मात्र तेब्बर दस्तुर लिई अभिलेखिकरण गर्ने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ति कोइराला
नगर उप-प्रमुख

नदेव भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.१२** गैंडाकोट नगरपालिकाको स्वामित्वमा रहेका अस्पताल,स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन तथा स्थापना कार्यविधि २०७९ को दफा ४ बमोजिम गैंडाकोट आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा स्वतः पदाधिकारी हुने बाहेकका देहाय अनुसारका सदस्यहरु तोक्ने निर्णय गरियो ।

१. अस्पताल रहेको वडाको वडा सदस्य / अध्यक्ष श्री दोर्ण वन सन्यासी - सदस्य

२. सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा क्रियाशिल स्थानीय व्यक्तिहरु मध्येबाट एक जना महिला सहित ३ जना

श्री षडान्नद लामिछाने - सदस्य

श्री महेन्द्र कार्की - सदस्य

श्री कुमारी रेखा पौडेल - सदस्य

३. महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट श्री प्रतिमा सापकोटा चापागाई - सदस्य

४. अस्पतालको पारामेडिक्स/ नर्सिङ इन्चार्ज श्री बालकृष्ण पारजुली - सदस्य

५. स्थानीय उद्योग व्यापार संघको तर्फबाट श्री दिपक सापकोटा - सदस्य

६. स्वास्थ्य शाखा प्रमुख श्री झलकराज पौडेल - सदस्य

७. अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट श्री शरणकिरण रानाभाट - सदस्य

**निर्णय नं.१३** गैंडाकोट नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८१ लाई बैठकमा छलफलको लागि पेश गरी गरियो ।

**निर्णय न. १४** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १ | लक्ष्मी नारायण मन्दिर दुई तला सत्तल निर्माण क्र.सं.२२३ | रु.३,००,०००/- | लक्ष्मी नारायण मन्दिर शौचालय निर्माण | रु.३,००,०००/- |
| ७ | पिपलटारमा ग्रावेल गर्ने क्र.सं. ४६७ र पिपलटारमा चौपारी निर्माण क्र.सं. ४७४ | रु.५,००,०००/- | चौतारो तथा प्रतिक्षालय निर्माण | रु.५,००,०००/- |
| ७ | ओमशान्ती चोक देखि दक्षिण तर्फ रिपिच क्र.सं.४६८ र क्र.सं.७७ रवि कँडेलको घरदेखि उत्तर नारायणी पार्क पिच | रु.९,००,०००/- | रवि कँडेलको घरदेखि उत्तर नारायणी पार्कसम्मको बाटोलाई पिच गर्ने | रु.९,००,०००/- |
| ७ | टेम्पो पार्क देखि ढलान बाटोसम्म पिच क्र.सं.४७२ | रु.४,००,०००/- | वाल निर्माण एवं बाटो ग्रावेल गर्ने | रु.४,००,०००/- |
| ७ | हरिहर मन्दिर देखि उत्तर अर्जुन लामिछानेको घरसम्म रिपिच क्र.सं.४६५ | रु.५,००,०००/- | नाली निर्माण गर्ने | रु.५,००,०००/- |

इन्द्रिन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदनभक्त अधिकारी
नगर प्रमुख

CamScanner